# मध्यनेपाल नगरपालिकाको सम्मानित ११ औं नगर सभा

## आर्थिक बर्ष २०७९/८०
## नीति तथा कार्यक्रम

**मध्यनेपाल नगरपालिका**
**लमजुङ**
**२०७९ साल असार ९ गते**

यस गरिमामय नगर सभाका उपाध्यक्ष तथा नगर उपप्रमुखज्यू,
नगर सभाका सम्पूर्ण सदस्यज्यूहरू,
राष्ट्र सेवक कर्मचारीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु !

मध्यनेपाल नगरपालिका क्षेत्रमा विकास निर्माण, आर्थिक तथा सामाजिक क्रियाकलाप लगायत विविध क्षेत्र निकै प्रभावित बन्न पुगेको छ । विषय र असहज परिस्थितिका साथै विविध चुनौतीहरूका बिचमा आज मैले मध्यनेपाल नगरपालिकाको आर्थिक बर्ष २०७९।८०को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा पेश गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु । नेपालको ऐतिहासिक संविधान सभाबाट जारी भएको वर्तमान संविधानको मर्म र भावना अनुरूप मध्यनेपाल नगरवासीको प्रतिनिधित्व गर्दै स्थानीय सरकारको रूपमा निर्वाचित भई हामीले जिम्मेवारी सम्हालेको पनि एक कार्यकाल पुरा गरी दोस्रो कार्यकालमा प्रवेश गरेका छौं । नगरवासीका असिमित ईच्छा, आकांक्षा तथा मनोभावनालाई संवोधन गर्ने र जनताको वास्तविक पिडामा महलम लगाउने उद्देश्यका साथ सीमित श्रोत साधन र जनशक्तिलाई अधिकतम परिचालल र ब्यवस्थापन गर्दै अगाडि बढिरहेको मध्यनेपाल नगरपालिकाका विकासका सबै ढोकाहरूको जग हाम्रै कार्यकालमा बलियो बनाइने कुरामा म विश्वस्त छु । दोस्रो कार्यकालको पहिलो नीति तथा कार्यक्रमले निर्दिष्ट गरेअनुसारको आर्थिक बर्ष २०७९।८० को बजेट तथा कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा छ। यस महत्वपूर्ण घडीमा हामीलाई निर्वाचित गरेर नगरपालिकामा पठाउनु हुने सम्पूर्ण आदरणीय नगरवासीहरूलाई स्मरण गर्न चाहन्छु ।साथै यहाँहरूले सुम्पनुभएको कार्यमा हामी कति ईमानदारीता पूर्वक लागेका छौ भन्ने कुराको मूल्याङ्कन गर्ने जिम्मेवारी समेत आदरणीय नगरवासीहरुलाई नै दिन चाहन्छु ।

राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अँध्यारो कालखण्डबाट जनता कै प्रतिनिधिमार्फत राज्य सन्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्‍याउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवम् स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरु जननायक विशेश्वर प्रसाद कोईराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोईराला, पुष्पलाल श्रेष्ठ, मदन भण्डारी र मनमोहन अधिकारी प्रति यो गरिमामय सभामा उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको राजनीतिक ईतिहासमा सङ्घीयताको कार्यान्वयन गर्नको निमित्त निर्वाचित भई उक्त कार्यमा दिनरात लागिरहनु भएका नगरसभाका उपाध्यक्षज्यू र सभाका सबै सदस्यहरू लगायत यस कार्यमा साथ दिने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूले हालसम्म गर्नु भएको कार्यको लागि धन्यवाद दिदै आगामी दिनहरूमा गरिने कार्यको लागि हार्दिक शुभकामना ब्यक्त गर्न चाहन्छु । अहिले, नेपालको ईतिहासमा पहिलो पटक निर्वाचित स्थानीय सरकारको कार्यकाल समाप्त भएको र हामीलाई दोस्रो कार्यकालको लागि जनअनुमोदन गर्नुहुने सम्पूर्ण नगरवासीहरुमा धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दछौं । पहिलो कार्यकालमा नगरपालिकाको जग वसाउनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा नगरवासीहरुमा यो सम्मानित सभामार्फत धन्यवाद दिन चाहन्छु । आदरणीय नगवासीहरुले दोस्रो कार्यकालको लागि जिम्मा दिनु भएको सुशासन, विकास र गुणस्तरीय सेवा प्रवाहलाई पहिलो कर्तव्य र दायित्वको रुपमा लिइ अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

नेपालको संविधानले अवलम्बन गरेको स्थानीय तहको सङ्घीय संरचनालाई कार्यमूलक बनाउने अभिभारा हाम्रो सामु रहेको छ । नगर सभा, नगर कार्यपालिका, राजनीतिक दल, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय,नागरिक समाज, बुद्धिजीवी, पत्रकार लगायतसवैलाई संविधान कार्यान्वयन र सङ्घीयताको ब्यवस्थापनमा अझ बढि योगदान दिन हार्दिक अपील गर्दछु ।

बर्तमान परिवेशमा संविधानले प्रदान गरेको अधिकारको सीमा भित्र रही स्थानीय सरकारका हैंसियतले नगरवासीका भारी अपेक्षा र आवश्यकतालाई संवोधन गर्नको लागि कर लगाउन र उठाउन, कानून निर्माण गर्न र आफैले छानेको नगर विकासको काम गर्न हामी अधिकार सम्पन्न छौं । विगत पहिलो कार्यकालको नीति, बजेट र कार्यक्रम कार्यान्वयनको अनुभव र सिकाईबाट नगरको दिगो र सन्तुलित विकासका लागि ठोस रुपमा अगाडि बढ्ने पृष्ठपोषण र प्रेरणा मिलेको छ । आबधिक योजना विना भएका विकास निर्माणका कार्यहरू दिगो र योजनाबद्ध नहुने भएकोले प्रदेश सरकारसँगको समन्वयमा आवधिक योजना र मध्यावधि खर्च संरचना बनाईआगामी दिनहरूमा नगरपालिकाका सबै कार्यहरुनयाँ सोंच र योजनाका साथ ब्यवस्थित एवं प्रभावकारी तरिकाले संचालन र ब्यवस्थापन गरिनेछन् । यस नगरसभाले पारित गरेको नीति तथा कार्यक्रमले नगरपालिकाको बजेट र योजना तथा कार्यक्रम निर्माणमा मार्ग निर्देश गर्नेछ ।

मध्यनेपाल नगरवासी आदरणीय दाजुभाई तथा दिदीबहिनीहरूले यस नगरपालिकाका जनप्रतिनिधीहरूलाई असल, मिलनसार, प्रगतिशील, विकासप्रेमीतथा लमजुङ जिल्लाकै नमूना जनप्रतिनिधिको रूपमा हेर्न, देख्न र भोग्ने चाहनुभएको छ । उहाँहरूको यही मर्म र भावनालाई आत्मसात गर्दै हामीले नगरपालिकाका कामहरू तिब्र गतिमा अगाडि बढाईरहेका छौं । आगामी दिनहरूमा अझै उच्च, दिगो र फराकिलो सोच र चिन्तनका साथ यस नगरपालिकाको विकासका आयाममा प्रगतिशील रूपान्तरण गर्ने दृढ अठोटका साथ यो नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष पेश गर्न गैरहेको छु । मलाई आशा एवम् भरोषा छ, यो नीति तथा कार्यक्रम कार्यान्वयनमा यहाँहरूको उच्च सहयोग र समन्वय रहनेछ ।“बोलीलाई कर्मसँग जोडेरै छाड्ने” दृढताका साथ वर्तमान संविधान र स्थानीय सरकार संचालन ऐनको मर्म र भावनालाई आत्मसात गर्दै यो नीति तथा कार्यक्रम सम्मानित सभामा पेश गरेको छु ।

नगर सभाका सम्पूर्ण सदस्यज्यूहरू,

अब म आगामी आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस मध्यनेपाल नगरवासीको स्वास्थ्य सुरक्षा, कृषि क्षेत्रको व्यावसायीकरण, रोजगारमूलक क्रियाकलाप सिर्जना तथाउद्यम प्रवर्द्धन प्राथमिकतामा रहनुको साथै शिक्षा क्षेत्रलाई पनि उत्तिकै ध्यान दिइएको छ ।

१. **आर्थिक विकासः**

आर्थिक समृद्धि विना विकासको लक्ष्य पुरा गर्न कठिनाई हुने भएकोले “समृद्ध मध्यनेपाल, सुखी मध्यनेपाल वासी” भन्ने नारासहित आर्थिक समृद्धिलाई विकासको मूल आधार बनाउँदै आर्थिक क्षेत्रमा देहायअनुसारको नीति अबलम्बन गरिनेछ ।

**क) कृषिः**

१. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न मल, वीउ, किटनाशक औषधी आदिको सहज उपलब्धता, उत्पादित बस्तुको भण्डारण, प्रशोधन तथा बजार ब्यवस्थामा सहजीकरण र सिंचाई सुविधा प्रवर्द्धन गर्ने ब्यवस्था मिलाईनेछ ।

२. मध्यनेपालमा विशिष्ट पहिचान भएका कृषि उपजलाई प्याकेजिङ र ब्राण्डिङ गरी निर्यातयोग्य तुल्याइ कृषकको मनोबल उच्च बनाउन प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

३. नगरपालिका भित्र रहेका बाँझो जग्गाहरूको एकीकृत तथ्याङ्क संकलन गरीभूमि बैंकको अवधारणा कार्यान्वयन गरीजमिनलाई बाँझो राख्न नदिनेनीति तय गरिने छ ।

४. घुम्ती शिविरमार्फत माटो तथा गोवर परीक्षण कार्यक्रम सन्चालन गर्दै कृषि तथा पशुपंक्षी पालन क्षेत्रको उत्पादन

वृद्धि गरिनेछ । "गोठदेखि ओठसम्म" भन्ने नाराका साथ स्वस्थ पशु तथा प्राङ्गारिक मल उत्पादनमा जोड दिइनेछ ।

५. मध्यनेपालमा विशिष्ट पहिचान भएका कृषि उपजलाई प्याकेजिङ र ब्राण्डिङ गरी निर्यातयोग्य तुल्याइ कृषकको मनोबल उच्च बनाउन प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

६. नगरपालिका भित्र रहेका बाँझो जग्गाहरूको एकीकृत तथ्याङ्क संकलन गरी भूमि बैंकको अवधारणा कार्यान्वयन गरी जमिनलाई बाँझो राख्न नदिनेनीति तय गरिने छ ।

७. नगरभित्रको कृषिमा आधुनिकीकरण, बैज्ञानिकीकरण, विविधीकरण र यान्त्रीकरणबाट श्रम सघन प्रविधिलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी र प्रविधिमुखी कृषि कार्यलाई जोड दिइनेछ ।

८. उत्पादनको प्रमुख साधन जमिन भएकोले नगरपालिका भित्रको खेतियोग्य जमिनबाट अधिकतम उत्पादन र उत्पादकत्व लिनेगरी श्रम, पूँजी र उत्पादनका साधनहरूको उचित प्रवन्ध मिलाउने, कृषिलाई ब्यावसायिक र यान्त्रीकरण गर्ने र उत्पादनका साधनमा वास्तविक कृषक तथा श्रमिक वर्गको पहुँच हुनेगरी वजेट विनियोजनमा प्राथमिकता दिईनेछ ।

९. लोपोन्मुख तथा रैथानेबीउ विजन, नश्ल र कृषि तथा पुशपंक्षीजन्य जैविक विविधता संरक्षणमा स्थानीय कृषक समूह तथा कृषि सहकारीहरुको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।

१०. कृषिमा प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्दै आधुनिक तथा दक्ष जनशक्तिको अभाव पूरा गर्न यूवा यूवतीहरूलाई कृषि तालिम दिने ब्यबस्था मिलाईनेछ ।

११. "जस्तो माटो, उस्तै वाली" भन्ने नाराका साथ माटो परीक्षण गरी माटो सुहाउदो "हाइ भ्यालु क्रब्स" को उत्पादनमा जोड दिईनेछ ।

१२. भौगोलिक अवस्थिति, माटोको ऊर्वराशक्ति तथा प्राविधिक दृष्टिले सम्भाव्यताका आधारमा "एक वडा एक उत्पादन "को नीति लिइनेछ ।

१३. किसानको लागत मूल्य प्राप्तिको सुनिश्चितताको लागि कृषि तथा पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्दै लगिनेछ ।

१४. "किसानको उत्पादन, किसानलाई प्रोत्साहन" कार्यक्रममार्फत कृषि उपजको बजार पहुँचलाई सहकारीमार्फत सरलीकरणको व्यवस्था मिलाइनेछ ।

१५. स्थानीय कृषि उत्पादनको संकलन तथा विक्री वितरणको लागि सम्भाब्य स्थानमा कृषि हाट बजार तथा कृषि उपज संकलन तथा विक्रि वितरण स्थल निर्माण गरी कृषि उत्पादनलाई बजारीकरणको व्यवस्था मिलाईने छ ।

१६. सामुहिक र सहकारी खेतीलाई प्रोत्साहन गर्नको लागि कृषि उत्पादन, भण्डारण र बिक्री वितरण कार्यमा सहकारी र कृषि समुहलाई सक्रिय बनाईने छ।

१७. जिता, टक्सार र नेटालाई कृषि पर्यटनको रूपमा विकास गरी अर्गानिक कृषि उत्पादन गर्ने र त्यस्को ब्यवसायीकरण गर्ने कार्यको सुरूआत गरिनेछ ।

१८. व्यावसायिक रुपमा कृषि तथा पशु पालनगर्ने कृषकलाई प्रोत्साहन गर्न निश्चित अनुदान उपलब्ध गराउनको लागि आवश्यक रकम विनियोजन गरिने छ ।

**ख) पर्यटनः**

१) नेपालको मध्यभागमा अवस्थित "मध्यनेपालमा जाँउ, पुण्य कमाउँ" भन्ने नाराका साथ नगरपालिका भित्र रहेका सवै मठ मन्दिरहरूलाई धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गरिनेछ ।

२) मध्यनेपाललाई चिनाउन तथा आन्तरिक पर्यटकहरूलाई भित्र्याउनलागि सङ्घ संस्थाको सहकार्यमा मध्यनेपाल महोत्सवको आयोजना गरिनेछ ।

३) मालिका, जिता र डढुवा जस्ता स्थानलाई "ईको- टुरिजम हव" को रूपमा विकास र विस्तार गर्दै लगिनेछ ।

४) धार्मिक पर्यटनलाई बढोत्तरी गर्नको लागि ईशानेश्वर मन्दिरबाट नागभैरवसम्म केवुलकारको सम्भाब्यता अध्ययन गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ ।

५) वडा नम्बर ८ को करापु भ्यूटावरलाई ब्यवस्थित प्याराग्लाईडिङ स्थलको रूपमा विकसित गरिनेछ ।

६) वडा नं ५ को पराजुलीबेशीमा "मगरगाँउ होमस्टे" र वडा नं ८ को डढुवा दुर्छामा "तमु होमस्टे" व्यवस्थित संचालनको लागि आवश्यक ब्यवस्था मिलाईनेछ ।

**ग) उद्योग तथा बाणिज्यः**

१) स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरूको प्रवर्धन गर्न सीपमूलक तालिमको ब्यवस्था गरी उत्पादित वस्तुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुर्‍याईनेछ ।

२) बैदेशिक रोजगार छाडि स्वदेश फर्किएका तथा रोजगारीको खोजिमा रहेका ब्यक्तिहरूमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई नगरपालिका भित्र उपलब्ध हुने निर्माण कार्य, सेवा ब्यवसाय, कृषि, साना तथा घरेलु उद्योग, मझौला उद्योग लगायतका क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिने अथवा उनीहरूलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरी सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि सहजीकरण गर्दै स्वरोजगार र रोजगारीका थप अवसरहरूको सिर्जना गरिनेछ ।

३) कम्तिमा "एक शैक्षिक संस्था, एक उद्यम" कार्यक्रम कार्यान्वयनमा जोड दिईनेछ ।

४) सिपमूलक तालिममार्फत उद्यमशीलता र स्वरोजगारी सिर्जना गर्दै यूवा वर्गलाई विकास र आर्थिक, सामाजिक रूपान्तरणको संवाहकको रूपमा परिचालन गर्नेगरी उनीहरूको सिप विकास गर्न बजेट विनियोजन गरिने छ ।

५) गरिवी न्यूनीकरणका लागि आय आर्जन र स्वरोजगारका अवसरहरू प्रदान गरिनेछ ।

६) उद्योग स्थापना, संचालन र नवीकरण प्रक्रियालाई सरल, सहज र प्रभावकारी बनाई नगरपालिका भित्र उद्योग संचालन गर्ने उद्योगीहरूलाई प्रोत्साहन स्वरूप बाटो, पानी र विजुली जडानजस्ता कार्यमा सहजीकरण गरिनेछ ।

७) जडीबुटी उत्पादन र प्रशोधन कार्यलाई प्रोत्साहन गरी आयुर्वेदिक औषधी उत्पादनमा जोड दिईनेछ ।

८) नगरपालिका भित्रका उद्यम उन्मुख युवाहरूको क्षमता विकास गर्दै उद्यमशील बनाई विकासको मूल प्रवाहमा ल्याउनको लागि प्रदेश स्तरीय कार्यक्रमहरूसँग समेत साझेदारी गर्ने गरी "नगर प्रमुख युवा स्वरोजगार अनुदान कार्यक्रम" लाई निरन्तरता दिईनेछ ।

९) प्रत्येक वडाका महिला दिदीबहिनीहरूको आर्थिक समृद्धिका लागि "एक घर, एक महिला रोजगार" भन्ने नारालाई सार्थकरूप दिन महिला स्वरोजगार कार्यक्रमलाई सन्चालन गरिनेछ।

१०) नगरपालिका भित्र संचालित सबै खाले ब्यापार व्यवसायहरू अनिवार्य रूपमा नगरपालिकामा दर्ता हुनुपर्ने

प्रावधानलाई कडाईका साथ लागू गरिनेछ।

११) बजार अनुगमनमार्फत नगरपालिका भित्र संचालित ब्यापार ब्यबसायमा उपलब्ध हुने सेवामा सुधार ल्याई गुणस्तरीय बनाइनेछ।

**घ) सहकारी र वित्तीय क्षेत्रः**

१) नगरपालिका क्षेत्र भित्र कार्यक्षेत्र रहेका सबै सहकारीहरुलाई दर्ता र अभिलेखीकरण मार्फत व्यवस्थित गराईनेछ।

२) गरिवी निवारण कोषबाट प्रबर्द्धित सामुदायिक संस्थाहरूमा रहेको "घुम्ति कोष" लाई सहकारी प्रणालीमा रूपान्तरण गरी सो रकमलाई रोजगारी सिर्जना, आय आर्जन र उत्पादनमूलक कार्यमा परिचालन गरिनेछ।

३) नगपालिका भित्रका सहकारी संस्थाहरूको अनुगमन, निरीक्षण र नियमन गर्नको लागि आवश्यक संयन्त्रको निर्माण गरिनेछ।

**२. सामाजिक विकासः**

"सामाजिक एकता, मध्यनेपालको आवश्यकता" भन्ने नारालाई ब्यवहार लागू गरी सामाजिक विकासका क्षेत्रमा देहाय अनुसारका कार्यहरू संचालन गरिने छ।

१) शिक्षा, युवा तथा खेलकुदः

२) नगरभित्रका विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा बैज्ञानिक तरिकाले शिक्षक दरबन्दीको सृजना वितरण र पुनर्मिलान गरिनेछ।

३) कार्यविधि तयार गरी मध्यनेपाल नगरपालिका स्थित क्याम्पसहरुमा स्नातक तहमा अध्ययन गर्ने मध्यनेपाल नगरपालिकामा वसोवास गर्ने छात्रछात्राहरुलाई पहिलो वर्षको लागि क्याम्पसले लिने माशिक शुल्क वरावरको रकम कार्यविधि जारी गरी क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरूलाई उपलब्ध गराइनेछ। सो छात्रवृत्तिलाई नतिजाका आधारमा निरन्तरता दिइनेछ।

४) वालविकाससहित माध्यामिक तहसम्मको शिक्षालाई वालमैत्री, सिकाईमैत्री, प्रविधीमैत्री र गुणस्तरीय बनाउन विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि, खेल मैदान, खानेपानी, शौचालय जस्ता पूर्वाधार विकासमा बजेट विनियोजन गर्न प्राथमिकता दिईनेछ साथै विद्यालय कलर कोड अनुसार सबै विद्यालयहरुको रङरोकन सम्पन्न गरिनेछ।

५) "गुणस्तरीय शिक्षा, मध्यनेपालको इच्छा" भन्ने नारालाई प्राविधिक र व्यावसायिक शिक्षामार्फत गुणस्तरीय जनशक्ति उत्पादन गर्ने दीर्घकालीन नीति लिईनेछ। मध्यनेपाल बहुप्राविधिक शिक्षालयलाई थप व्यवस्थित र स्रोत साधन सम्पन्न बनाइनेछ। आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षालयको समन्वयात्मक रुपमा विस्तार गरिनेछ।

६) मध्यनेपाल नगरपालिका भित्र रहेका प्रस्तावित माध्यामिक विद्यालयहरूलाई शैक्षिक गुणस्तर बृद्धिको लागि उपलब्ध गारउदै आएको अनुदान रकमलाई निरन्तरता दिदै अनुदान रकमको सदुपयोगमा जोड दिईनेछ।

७) विद्यालयको शैक्षिक क्रियाकलापमा रहेको डिजिटल खाडल न्यूनीकरणका लागि सबै विद्यालयहरुमा कम्प्युटरसहित शिक्षकहरुलाई सूचना प्रविधिमा आधारित तालिमको व्यवस्था मिलाइनेछ।

८) शैक्षिक संस्थाहरूमा अध्ययनरत छात्राहरूको लागि निःशुल्क रूपमा स्यानेटरी प्याडको ब्यवस्था गरिनेछ।

९) नगरपालिका भित्रका विद्यालयहरूमा अध्ययनरत उत्कृष्ट छात्रछात्राहरूलाई प्रोत्साहन स्वरूप छात्रबृत्ति उपलब्ध गराउने प्रयोजनको लागि "छात्रबृत्ति कार्यक्रम" को व्यवस्था मिलाइनेछ।

१०) दलित, गरिव तथा जेहेन्दार विद्यार्थिहरूलाई "नगर प्रमुख शैक्षिक प्रोत्साहन कार्यक्रम" अन्तर्गत सिकाइ निरन्तरताको ब्यवस्था मिलाईनेछ।

११) बालविकास देखि कक्षा ६ सम्म अध्ययन गर्ने वालवालिकाहरूको नियमितता तथा गुणस्तरीय सिकाइमा प्रोत्साहित गर्नको लागि स्वस्थ दिवा खाजाको ब्यवस्था मिलाईनेछ।

१२) राष्ट्रिय पाठ्यक्रम प्रारुपले तोके बमोजिम निर्माण भएको "हाम्रो मध्यनेपाल" स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ र स्थानीय आवश्यकता अनुरुप थप व्यावहारिक तथा जीवनोपयोगी एवम् सान्दर्भिक बनाइनेछ।

१३) विद्यालयहरूको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी एवं ब्यवस्थित बनाई कार्यसम्पादनमा उत्कृष्ट देखिएका विद्यालयहरूलाई प्रोत्साहित गर्ने नीति अबलम्बन गरिनेछ।

१४) "विद्यार्थीलाई इनाम, शिक्षकलाई सम्मान" कार्यक्रम मार्फत कार्यसम्पादनमा उत्कृष्ट शिक्षकहरुलाई सम्मान गरी शिक्षण पेशालाई मर्यादित र सम्मानित वनाइनेछ।

१५) वालविकासका शिक्षक, विद्यालयका कर्मचारीहरूलाई न्यूनतम पारिश्रमिकको व्यवस्था गरिनेछ र सामुदायिक सिकाइ केन्द्रका परिचालिकाहरुलाई कामका आधारमा प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

१६) शिक्षामा सबैको पहुँच स्थापित गर्न र रोजगारीसँग शिक्षालाई जोड्न नगरपालिका क्षेत्र भित्र स्नातक तहसम्मको अध्ययनलाई क्रमशः निःशुल्क बनाउँदै लगिनेछ।

१७) राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताकलाई निरन्तरता दिई राष्ट्रको लागि खेलकुद, स्वास्थ्यको लागि खेलकुद अभियानलाई विद्यालय तहदेखि नै सन्चालन गरिने नीति अवलम्बन गरिनेछ।

१८) युवा प्रतिभाको खोजी गरी प्रतिस्पर्धाबाट अब्बल ठहरिएका युवाहरूलाई प्रोत्साहित गरिनेछ।

१९) युवा डाटा बैंकको स्थापना गरिनेछ।

२०) स्थानीय युवाहरूलाई खेलकुद प्रति प्रेरित गरी खेलकुद पर्यटनको विकास गर्न "नगर प्रमुख खेलकुद प्रतियोगिता" संचालन गरिने छ।

२१) नगर खेलकुद समितिमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने नीति लिईनेछ।

२२) "युवाको श्रम, मध्यनेपालको काम" भन्ने नारासहित नगरपालिकाको विकासमा युवा सहभागिता, उद्यमशीलताका साथ युवाहरुमा सकारात्मक सोचको विकास गरिनेछ।

२३) "नमूना युवा संसद" को अभ्यासमार्फत युवाहरूमा नेतृत्व विकास र सहभागिताको अवसर उपलब्ध गराईनेछ।

**ख) स्वास्थ्यः**

नगरवासीको स्वास्थ्यलाई मध्यनजर गरी "स्मार्ट पर्सन, स्मार्ट नगरपालिका" को अबधारणालाई मूर्तरूप दिदै स्वास्थ्य क्षेत्रमा देहायअनुसारका कार्यहरू गरिनेछ।

१) नगरपालिका भित्रका सबै स्वास्थ्य्य संस्थाहरूबाट प्रदान गरिने खोपसेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरू र उपचारात्मक रोगको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामाग्रीहरूको लागि आवश्यक ब्यबस्था मिलाईनेछ।

२) खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषणजस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधाहरूलाई

प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गरिनेछ।

३) सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई थप व्यवस्थित गर्न महिला स्वास्थ्य प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४) हाल संचालन भैरहेको “जेष्ठ नागरिक निःशुल्क घरदैलो कार्यक्रम” लाई निरन्तरता दिईनेछ।

५) रम्घा, भोर्लेटार र रामबजार स्वास्थ चौकीमा रहेका प्रयोगशालालाई अझ बढी ब्यवस्थित र प्रभावकारी बनाईनेछ।

६) गर्भवती आमालाई प्रसुति सेवा प्रदान गर्दा आमा र बच्चाको लागि जोखिम देखिएर प्रेषण गर्दा लाग्ने यातायात तथा एम्बुलेन्स खर्चका लागि नगर प्रमुख आमा सुरक्षा कोषलाई निरन्तरता दिइनेछ।

७) सम्पूर्ण नगरवासीलाई स्वास्थ्य विमा कार्यक्रमा सहभागी हुन प्रोत्साहित गरिनेछ।

८) जटिल प्रकृतिका रोग लागेका विरामीहरुलाई पोषण खर्च उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था मिलाइनेछ।

९) गर्भवती आमा तथा नवजात शिशुको मृत्यु दर शुन्य पार्नको लागि “आमा सुरक्षा कार्यक्रम” अन्तर्गत नियमित रूपमा स्वास्थ्य परीक्षण गराउनर सतप्रतिशत संस्थागत रुपमा  सुत्केरी गराउन प्रोत्साहित गरिनेछ।

१०) भोर्लेटार स्वास्थ्य चौकीमा स्थापना गरिएको आँखा उपचार केन्द्रलाई निरन्तरता दिई यसलाई अझै ब्यवस्थित गर्दै अन्य स्वास्थ संस्थाहरूमा विस्तार गर्दै लगिनेछ।

११) महिला दिदीबहिनीहरूको लागि पाठेघर तथा स्तन क्यान्सरको निःशुल्क रूपमा स्क्रिनिङ परीक्षण गरी शंकास्पदहरूलाई सुविधा सम्पन्न अस्पतालमा प्रेषण गर्ने  ब्यवस्था मिलाईनेछ।

१२) नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा आवश्यक फर्निचर तथा स्वास्थ्य उपकरणहरूको ब्यवस्था मिलाईनेछ साथै शहरी स्वास्थ्य केन्द्रलाई थप व्यवस्थित गर्दै अन्य स्थानमा आवश्यकता अनुसार थप गर्दै लगिनेछ।

१३) गर्भवती र नवजात शिशुहरूलाई संस्थागत प्रसूतिको समयमा केही जटिलताहरू आएमा सुविधा सम्पन्न संस्थामा प्रेषण गर्दा नगर प्रमुख आमा सुरक्षा कोष मार्फत प्रेषण खर्च उपलब्ध गराईदैं आएको कार्यलाई निरन्तरता दिईनेछ।

१४) नेपाल सरकारबाट निशुल्क वितरण हुदैं आएका औषधीहरूको लागि उपलब्ध गराउँदै आएको रकम पर्याप्त हुन नसकेमा  नगरपालिकाबाट थप रकम व्यवस्था गरिनेछ।

१५) मापदण्ड बमोजिम निर्माण नभएका स्वास्थ चौकी भवनहरूलाई मापदण्ड बमोजिम  निर्माण गर्दै  लगिने कार्यलाई निरन्तरता दिईनेछ।

१६) नगरपालिकाभित्र रहेका सम्पूर्ण गर्भवती आमालाई गर्भावस्थामा कम्तीमा ३ पटक निःशुल्क अल्ट्रा साउन्ड सेवा प्रदान गर्नको लागि सबै वडामा ग्रामीण अल्ट्रा साउन्ड सेवा विस्तार गर्न बजेट व्यवस्था गरिनेछ।

१७) बालबालिकाहरू तथा किशोर किशोरीहरूको शारीरिक तथा मानसिक विकासको लागि पोषणसम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ। साथै विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण विद्यालयहरूमा संचालन गर्ने व्यवस्था मिलाईनेछ।

१८) नगरपालिका भित्र रहेका स्वास्थ्य चौकीहरूमा एम्बुलेन्स सेवालाई आवश्यकता अनुसार विस्तार गर्दै लगिनेछ।

१९) १५ शैया अस्पतालको निर्माण कार्यलाई तिब्रताको साथ अगाडी बढाईनेछ।

२०) सार्वजनिक स्थलमा धुम्रपान, मध्यपान र सूर्तिपानलाई निषेध गरिनेछ।

**ग) खानेपानी तथा सरसफाईः**

१) आधारभूत खानेपानी र सरसफाई सेवामा सबै नागरिकको सरल र सहजरूपमा पहुँच पुऱ्याउनेगरी बजेटमा ब्यवस्था गरिनेछ ।

२) "आफ्नो नगर, आफै सफा गरौ" भन्ने नारासहित सबै वडाहरूमा महिनामा एकपटक नगरवासीहरू, जन प्रतिनिधीहरू र कर्मचारीहरू मिलेर वडा सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

**घ) संस्कृति प्रवर्द्धनः**

१) नगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाहरुको पहिचान गरी वैज्ञानिक अभिलेखीकरण गर्दै तिनीहरुको संरक्षण र जगेर्ना गर्ने नीति लिइनेछ । ऐतिहासिक पाटी पौवा, कुवा, पोखरी, अन्तिम संस्कार घाट क्षेत्र आदिलाई संरक्षण र पुनर्निर्माण गरिनेछ ।

२) लमजुङ जिल्लाकै पहिचानको रूपमा रहेको ठाडो भाका लगायत नगरपालिका भित्र बसोवास गर्ने सबै जात जातीको धर्म, संस्कृति, कला र साहित्यको संरक्षण र सम्बर्धन गरिनेछ ।

३) नगरपालिका क्षेत्र भित्रबाट बगेका पवित्रनदी "मादी" र "मिदिम" लाई मोक्ष क्षेत्रको रूपमा प्रचार प्रसार गरिनेछ ।

४) रामबजारलाई पूर्ण धार्मिक नगरी बनाई आयूर्वेद, योगा र गुरूकुल आश्रमलाई निरन्तरता दिईनेछ ।

५) चिसंखुलाई साहित्य अनुरागीहरूको विश्रामस्थलको रूपमा विकास गरिनेछ ।

६) वडा नं ८ को डढुवा दुर्छामा तमु संग्राहलयको स्थापना गरी तमु संस्कृतिको जगेर्ना गरिनेछ ।

**ङ) लैङ्गिक समानता तथा समावेशीकरणः**

१) लैङ्गिक हिंसामा परेका, अपाङ्गता भएका ब्यक्ति, असहाय वालवालिका र ज्येष्ठ नागरिकको संरक्षण र विकासका लागि वजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ ।

२) सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण गर्ने कार्यलाई थप व्यवस्थित वनाइनेछ । यस कार्यमा देखा परेका सम्याहरूलाई समन्वयात्मक रूपमा समाधान गर्दै सामाजिक सुरक्षा भत्ता बैकमार्फत वितरण निरन्तर गरिनेछ ।

३) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत संचालित "सामाजिक सुरक्षा तथा घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना" बाट प्राप्त हुने अनुदानलाई परिचालन गरी व्यक्तिगत घटना दर्ता यथार्थ, समयबद्ध र प्रविधिमैत्री बनाइ नगरवासीलाई सहजता दिइनेछ ।

४) नगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगारलाई न्यूनतम रोजगारी दिने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत "कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरू" तथा "यूवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना" संचालन गरिनेछन ।

५) दलितहरूको सशक्तीकरणको लागि "एक दलित घर एक रोजगार" कार्यक्रम ल्याईनेछ ।

६) महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपांगता भएका ब्यक्ति, दलित, आदीबासी जनजाजाती मधेशी, मुस्लिम, अल्पसंख्यक आदिसबैलाई सबैखाले विकाससँग जोडिनेछ ।

७) जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण कार्यक्रमलाई थप सहजताका साथ निरन्तरता दिईनेछ ।

८) नगर क्षेत्र भित्र "जेष्ठ नागरिक दिवा सेवा केन्द्र" निर्माण गरिनेछ ।

९) नगरमालिकालाई "बालमैत्री नगरपालिका" घोषणा गर्न आवश्यक पूर्वाधारको विकास गरिनेछ ।

१०) सडक वालवालिकाहरूलाई राहत, उद्धार, संरक्षण, पुनस्थापना र पुनर्मिलन गराउने जस्ता कार्यमा जोड दिईनेछ।

११) महिलाहरूका लागि आयमूलक, सीपमूलक, क्षमता बृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ।

१२) महिला हिंसा, वाल हिंसा, चेलिबेटी बेचविखन र लागू औषधी दुर्व्यसन विरूद्ध जनचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ।

**घ. पूर्वाधार विकासः**

**क) सडक तथा पुलः**

१) नगरभित्रका गौरवका योजनाको रूपमा सुरूआत गरिएको सडक लगायतको पूर्वाधारको निर्माण कार्यलाई सम्पन्न गरी गरी थप गौरवका पूर्वाधारलाई सुरुवात गरिनेछ।

२) प्रत्येक वडा कार्यालयसम्म पाँच बर्षभित्र कालोपत्रे सडक पुप्याइनेछ।

३) मध्यपहाडी लोकमार्गको खण्ड व्यास मार्ग एवम् अन्य प्रादेशिक सडकहरूलाई निर्माण सम्पन्न गराउन विशेष पहल गरिनेछ।

४) मध्यनेपाल नगरपालिकाका प्रत्येक वडालाई समेट्ने गरी रिङ्गरोड निर्माण कार्यलाई तिब्रता दिई सम्पन्न गरिनेछ।

५) पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न आगामी बर्ष सन्चालन गरिने संभावित ठुला आयोजनाहरुको "परियोजना वैंक" तयार गरिनेछ।

६) अत्यावश्यक सडक तथा झोलुङ्गे पुल निर्माण तथा मर्मत कार्यको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

७) नेपाल सरकारको समपुरक अनुदानबाट संचालित हुने आयोजनाहरू र सडक वोर्ड नेपालसंगको साझेदारीमा हुने सडक निर्माण तथा मर्मत कार्यको लागि म्याचिङ फण्डको ब्यवस्था गरिनेछ।

**ख) सिंचाईः**

नगरपालिकाका सबै खेतियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन आवश्यक ब्यवस्था मिलाईनेछ र भएका सिंचाई कुलोहरूको समयमानै मर्मत संभारको ब्यवस्था मिलाईनेछ।

**ग) भवन तथा शहरी विकासः**

१) निर्माणाधिन नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई तीव्रता दिँदै आवश्यक बजेटको व्यवस्था गरी यसै आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

२) सबै वडा कार्यालयहरुलाई आफ्नै भवनबाट कार्यसन्चालन गर्नका लागि आवश्यक स्रोत, निर्माण तथा प्रबन्ध मिलाइनेछ।

३) सुरक्षित बसोबास सुनिश्चित गर्नकोलागि "खरको छाना मुक्त घरहरू" भएको नगरपालिका बनाउने कार्यलाई निरन्तरता दिईनेछ।

४) बाँग्रेबेशीलाई "नमूना गाउँ" को रूपमा विकास गरिनेछ।

५) दुरा जातीको बसोबास रहेको हाँडीखोला र वरदानलाई "देउ बहादुर दुरा नमूना गाउँ" को रूपमा विकास गरिने कार्यलाई निरन्तरता दिईनेछ।

६) वडा नं ८ को डढुवा दुर्छालाई "तमु नमुना गाउँ" को रूपमा विकास गरिनेछ।

७) नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी, पर्ति र सार्वजनिक जमिनको खोजी गरी त्यस्ता जमिनको लगत तयार पार्ने, रेखाङ्कनगर्ने र संरक्षण गर्ने कार्यको प्रारम्भ गरिनेछ।

८) नगरपालिकाले सुरू गरेको "नमूना गाउँ निर्माण" कार्य र "नमूना बस्ति निर्माण" कार्यलाई निरन्तरता दिईनेछ।

९) भोर्लेटारमा नगरस्तरीय बसपार्क निर्माण कार्य पूरा गरिनेछ।

१०) नगरपालिकाको आवश्यकीय स्थानमा सार्वजनिक शौचालय निर्माण गरी नगरको सरसफाइको अवस्थामा सुधार ल्याइनेछ।

११) नगरपालिकाका सबै वडा केन्द्रहरुसम्म क्रमशः कालोपत्रे सडक निर्माण गरिनेछ। नगरस्तरीय सडकहरुलाई बाह्रै महिना सवारी साधन चल्ने गरी स्तरोन्नति गरिनेछ।

१२) नगरपालिका भित्रका सबै सडकहरुको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गर्ने कार्यको प्रारम्भ गरिनेछ।

**घ) ऊर्जाः**

१) नगरपालिकाका मुख्य मुख्य सडकहरूमा नगरपालिका र उपभोक्ताको लागत सहभागितामा सौर्यबत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२) गोवर ग्याँस र धुवारहित चुलोमा निश्चित प्रतिशत अनुदान उपलब्ध गराईनेछ।

३) नगरपालिका भित्रका विद्युत प्रसारणलाई व्यवस्थित र भरपर्दो बनाउन पुराना विद्युत पोलहरु क्रमशः विस्थापित गरिनेछ।

**ङ) लघु तथा साना जल विद्युतः**

१) मादी र मिदिम खोलाबाट  नीजि क्षेत्रको साझेदारीमा विद्युत उत्पादन गर्ने कार्यमा जोड दिईनेछ।

२) नगरपालिका भित्रको विद्युत वितरण प्रणालीलाई केन्द्रीय प्रसारण लाईनसँग जोडी नियमित रूपमा विद्युत आपूर्ति हुने ब्यवस्था मिलाईनेछ।

**च) सञ्चारः**

१) नगरपालिकाका विभिन्न स्थानहरूमा मोवाईल नेटवर्कले राम्रोसँग काम नगर्ने समस्या भएकोले नेपाल टेलिकमको जिल्ला स्थित कार्यालयसँग समन्वय गरी समस्या समाधानको प्रयास गरिनेछ।

२) नगरपालिकाको आफ्नै मोवाईल एप निर्माण गरी नगरपालिकाबाट उपलब्ध हुने सेवा सुविधाको बारेमा सरोकारवाला सबैलाई जानकारी गराईनेछ।

३) नगरपालिकाको केही स्थानबाट निःशुल्क वाइफाइको सरुवातका लागि आवश्यक प्रबन्ध मिलानइनेछ।

**४. बन, वातावरण तथा विपद ब्यवस्थापन**

**क) वन तथा भूसंरक्षणः**

१) नगर क्षेत्रका वनको उचित संरक्षण गर्दै खुला पर्ती सरकारी जमिनमा फलफूल विरुवाको वृक्षारोपण अभियानकै रुपमा सन्चालन गरिनेछ। वन विनास प्रति सजग र सचेत गराउदै संरक्षण, विकास र प्रयोगमा आम नगरवासीको सहभागिता वृद्धि गरिनेछ।

२) वन तथा वन्यजन्तु विनाश गर्ने, वन क्षेत्रको भौतिक संरचना विगार्ने, मास्ने र अनधिकृत रुपमा वन क्षेत्रको प्रयोग गर्ने, प्राकृतिक स्रोत साधनको दोहन गर्ने व्यक्ति तथा समुदायको पहिचान गरी कानुनी दायरा भित्र ल्याइनेछ।

३) नगरपालिकाको भूसंरक्षण सम्बन्धमा आवश्यक नीति बनाई लागु गरिने छ।

**ख) वातावरण संरक्षणः**

१) मध्यनेपाल नगरपालिकालाई "प्रदुषणरहित ग्रीन सिटी तथा क्लिन सिटी" बनाउन हाते झोला निर्माण तथा विक्री वितरणमा सहजीकरण गर्न तालिमको ब्यवस्था मिलाईनेछ।

२) नगरपालिकाको कम्तीमा एक वडालाई नमूनाको रुपमा प्लाष्टिक झोलामुक्त वडा बनाउनको लागि प्रोत्साहन गरिनेछ।

३) "स्वच्छ वातावरण, स्वस्थ्य जीवन" भन्ने नारालाई ब्यवहारमा कार्यान्वयन गर्न वाताबरण संरक्षणमा जोड दिईनेछ।

४) नदीजन्य पदार्थको उत्खननको लागि नगरपालिका भित्रका सवै नदीहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गराउन आवश्यक पर्ने बजेटको ब्यवस्था गरिनेछ।

**ग) फोहोर मैला ब्यवस्थापनः**

१) फोहोरमैला ब्यवस्थापनको नीतिगत ब्यवस्थाको लागि आवश्यक कानून तथा ल्याण्डफिल्ड साईट निर्माण गरिनेछ।

२) संकलित फोहोरमैलालाई विसर्सजन स्थलसम्म लैजानको लागि आवश्यक साधन र स्रोतको व्यवस्था गरिनेछ।

३) फोहोरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी उत्पादित फोहरमैलालाई प्रशोधनबाट जैविक मल तथा ऊर्जा उत्पादनमा गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम अगाडि वढाइनेछ।

४) नगरवासीमा सरसफाइसम्बन्धी चेतना विकास गरी फोहोरमैलाको उचित व्यवस्थापनको लागि उत्पादकलाई नै पहिलो जिम्मेवार वनाइनेछ र त्यसका लागि सरसफाइ व्यवस्थापनको नियमित र निरन्तर अनुगमन तथा नियमन कार्यमा तिब्रता दिईनेछ।

**घ) जल उत्पन्न प्रकोप नियन्त्रणः**

मादी, मिदिम, रिस्ती र पिस्तीखोलाले काटिरहेको जमिनलाई जोगाई नदीलाई आफ्नै धारबाट बगाउनकोलागि आवश्यक ठाँउमा तटबन्धको निर्माण गरिने र खोला किनारामा रहेको जमिनको सदुपयोग गर्नकोलागि माछा पालन, तरकारी खेती र बालुवा खेतीलाई प्रोत्साहन गरिनेछ।

**ङ) विपद ब्यवस्थापनः**

१) नगरपालिका क्षेत्र भित्र हुने सक्ने प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट पर्न सक्ने मानवीय तथा अन्य क्षतिको न्यूनीकरणको लागि समयमानै योजना,पूर्व तयारी र नागरिक सचेतनाका लागि विपद् जोखिम न्यूनीकरणसम्बन्धी नीति बनाइ कार्यान्वयनमा ल्याइनेछ।

२) विपदको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यक्रम संचालन गर्न स्थानीय बिपद्

ब्यवस्थापन कोषमा आवश्यक बजेटको ब्यबस्था मिलाईनेछ ।

३) विपद जोखिम संवेदनशिल भौतिक निर्माण तथा पूर्वाधार विकासका क्रियाकलापहरू मात्रसन्चालन गरिनेछ ।

४) विपद्को समयमा खोज तथा उद्धारको लागि आवश्यक पर्ने सामाग्रीहरू खरिद र भण्डारण गर्नको लागि आवश्यक बजेटको ब्यवस्थ गरिनेछ ।

५) नगरपालिकाका सबै वडाहरूमा यूवा क्लवको गठन गरी विपद् ब्यवस्थापन तथा स्वयंसेवकीय कार्य र सामाजिक जागरण कार्यमा यूवा परिचालन गरिनेछ ।

**५. सुशासन तथा संस्थागत विकासः**

नगपालिकाको जनशक्तिलाई चुस्त दुरूस्त बनाई छिटो छरितो रूपमा जनउत्तरदायी सेवा प्रवाह गर्नको लागि देहायअनुसारका कार्यहरू गरिनेछ ।

**क) मानव संसाधन विकासः**

१) लोकसेवा आयोगबाट स्थायी पदपूर्तिहुन नसकेको अत्यावश्यक पदहरुमा कार्यबोझका आधारमा मात्र करारमा कर्मचारीहरू राखिनेछ ।

२) कर्मचारीको कार्यक्षमतामा सुधारर सेवा प्रवाहको प्रभावकारिताका लागि समसामयिक तालिम र उचित प्रोत्साहनको ब्यवस्था मिलाईनेछ ।

३) जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी एवम् नगरवासीमासमेत जीवन व्यवस्थापन कला, काम तथा जीवनबिचको सन्तुलन एवम् सदाचारयुक्त स्वस्थ जीवनयापनलाई लक्षित गरी योग, ध्यान तथा सकारात्मक सोच सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ ।

**ख) संस्थागत क्षमता विकासः**

१) सार्वजनिक सेवालाई नागरिकमैत्री बनाउन नगरकार्यपालिकाको कार्यालयमा हेल्प डेस्क तथा सेवा प्रवाह कक्षको स्थापना गरिनेछ ।

२) नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयतग शाखा तथा एकाईहरूको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाइ विद्युतीय शासन प्रणालीको विकास गरिनेछ ।

३) नगरपालिका भित्रका सबै वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक विद्यालयहरुमा ईन्टरनेटको सहज उपलब्धतामार्फत सेवा प्रवाहरालई छरितो र प्रविधियुक्त वनाइनेछ ।

४) सूचनामा नगरवासीको सहज पहुँच वृद्धिका लागि नगरपालिकाको वेभसाईटलाई अद्यावधिक गरी सेवा प्रवाहमा सक्षमता ल्याइनेछ ।

५) कार्मचारीहरुलाई कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डसँग जोडी सेवाग्राही प्रति थप जवाफदेही र जिम्मेवार वनाइने नीति लिईनेछ ।

**ग) राजस्व परिचालनः**

१) कर प्रणालीलाई थप सुदृढ गरिनेछ। करको सही सदुपयोग हुने विश्वासका साथ "कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो" भन्ने सोच विकास गर्न स्वयम कर निर्धारण पद्धतिमार्फत करदातालाई नै पहिलो कर प्रशासको रुपमा लिने गरी करसम्बन्धी कानूनी व्यवस्था गरिनेछ।

२) नगरपालिकामा राजस्व शाखा स्थापना गरी राजस्व सङ्कलनमा तालिम प्राप्त कर्मचारी र सूचना प्रविधिको माध्यमबाट राजश्व सङ्कलनको क्षेत्र विकास र विस्तारमार्फत प्रभावकारीता ल्याइनेछ।

**३) वित्तीय ब्यवस्थापनः**

१) सेवा प्रवाहको लागि आबश्यक न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितब्ययी बनाउन अनुत्पादक खर्चमा कटौती गरिनेछ।

२) आर्थिक कार्य प्रणालीलाई चुस्त र दुरूस्त बनाई प्रविधिको प्रयोग तथा आन्तरिक नियन्त्रण प्रणालीबाटवित्तीय सुशासन कायम गरिनेछ।

३) वित्तीय पारदर्शिताको लागि मासिक आय र खर्चको विवरण कार्यालयको वेबसाईटमार्फत सार्वजनिकीकरण गरिनेछ।

**ङ) सार्वजनिक सुनुवाईः**

१) नगरपालिकाको सेवा प्रवाह तथा विकास निर्माणमा नगरवासीको अपनत्व र स्वामीत्वसहित नागरिक निगरानी तथा जानकारीका लागिवडास्तरीय र नगरस्तरीय सार्वजनिक सुनुवाईको आयोजना गरिनेछ

२) नगरपालिकालले उपभोक्ता समितिमार्फत गरेका सबैखाले विकास निर्माणका कामहरूको भुक्तानी पूर्व सार्वजनिक सुनुवाई गराउनु पर्ने ब्यवस्थालाई थप प्रभावकारी र अनिबार्य गरिनेछ।

**च) सामाजिक परीक्षणः**

नगरपालिकालले गरेका विकास निर्माणका कामहरूको सामाजिक परीक्षण गराउने ब्यबस्था मिलाईनेछ।

**छ) लेखा परीक्षणः**

१) नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखालाई क्रियाशील र संलग्न जनशक्तिको क्षमता विकास गरी आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाइ अन्तिम लेखा परीक्षण पूर्व सम्पन्न गरिने व्यवस्था मिलाइनेछ।

२) नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिका बनाइ कार्यान्वयनमा ल्याइनेछ।

**ज) बेरुजु फर्छ्यौटः**

विगत बर्षहरूका अन्तिम लेखा परीक्षणबाट औंल्याईएका बेरूजु रकमहरूलाई यथाशिघ्र फर्छ्यौट गर्ने ब्यवस्था मिलाई आगामी दिनहरूमा न्यून बेरूजुतर्फ विशेष ध्यान दिईनेछ।

**झ) सेवा प्रवाह मापदण्ड निर्धारणः**

नगरपालिकाबाट हुने सेवा प्रवाहको बारेमा जानकारी गराउने उदेश्यले विद्युतीय नागरिक बडापत्र राखी सेवाग्राहीलाई सहज तथा सेवा प्रवाहलाई छिटो र छरितो बनाइनेछ ।

**ञ) नागरिक सन्तुष्टी सर्वेक्षणः**

नगरपालिकाले उपलब्ध गराउने सेवाको सम्बन्धमा सेवाग्राहीहरूको सन्तुष्टीको अबस्था मापन गरी नागरिक सन्तुष्टी सर्वेक्षणबाट प्राप्त नतिजाको आधारमा सेवा प्रवाहमा सुधार ल्याइने व्यवस्था मिलाईन्छ ।

**ट) अन्तर निकाय समन्वयः**

नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका कार्यहरू गर्दा सङ्घीय सरकार, प्रदेश सरकार,अन्य पालिका तथा निकायहरूसँग आवश्यक समन्वय गरी संस्थागत सुशासन कायम गर्न, सेवा प्रवाहमा प्रभावकारीता र सरलता विकास गर्ने नीति अङ्गिकार गरिनेछ ।

आदरणीय महानुभावहरु,

यो नीति तथा कार्यक्रम एघारौं नगरसभाको कार्यथालनीको रुपमा प्रस्तुत भएको छ । यस अवधिमा सुशासन, गुणस्तरीय सेवा प्रवाह र विकास निर्माणमा केन्द्रित रहने तथा विपद् जोखिमको न्यूनीकरण गर्न नगरपालिका सदैव प्रतिबद्ध रहेको कुरा म यस अवसरमा व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा,

विगतको प्रयासलाई बलियो पार्दै योजनाबद्ध कार्यसम्पादनले नै बार्षिक नीति तथा कार्यक्रम तर्जुमालाई सार्थकता दिन्छ । हामीले तर्जुमा गरेका नीति तथा कार्यक्रमहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा मध्यनेपाल नगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, गैर सरकारी संघ संस्थाहरु, युवा क्लवहरु, तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै सभाबाट यसको प्रभावकारी कार्यान्वयनमा लागि हार्दिक अनुरोध गर्न चाहन्छु ।

यस नगर सभामा उपस्थित भएर धैर्यताका साथ सुनि दिनु भएकोमा उपस्थित सम्पूर्ण महानुभावहरूमा कृतज्ञता ज्ञापन गर्दै विदा हुन्छु, धन्यवाद !!

मितिः- २०७८ असार ९ गते

रमेश कुमार पाण्डे
नगर प्रमुख
मध्यनेपाल नगरपालिका